# श्री सोनामाई मन्दीर संरक्षण सम्बर्धन समितिको

## विधान

२०८०

औरही न. पा.-७

# श्री सोनामाई मन्दीर संरक्षण सम्बर्धन समितिको विधान
# २०८०

प्रस्तावना:-

महोत्तरी जिल्लाको करिब बिच भागमा सोनामाई मन्दिर तत्कालीन सोनामाई गा. वि. स. वडा नं. २ हाल औरही न. पा. वडा नं. ७ मा अवस्थित पूर्व तर्फ वर्दिवास जलेश्वर सडक खण्डमा पूर्व मोहडा भएको पक्की मन्दीरको रुपमा रहेको यस सोनामाई मन्दीरको उत्पतीका बारेमा एक्कीन, अभिलेख, ताम्रपत्र आदी इत्यादी नभेटिए पनि घोघट चौधरीको नाती प्रदिप चौधरीको छोरा जि. म. महोत्तरी मनराकट्टी बस्ने वर्ष ८० को रामचन्द्र चौधरी जिल्ला महोत्तरी मनरा गा. वि. स. वडा नं. ५ निवासी वर्ष ८३ को शिव कृपाल सिंह, जि. महोत्तरी सोनामाई गा. वि. स. वडा नं. २ निवासी वर्ष ११३ की दोलतिया देवी समेतका साधु सन्त समेतको भनाई मूताविक जंगलकै अवस्थामा जंगलको बिचमा विशाल सिसमको रुख थियो । उक्त रुखको वरिपरी छहोरा, पिपल अमरलता समेतको रुखले घेरिएको थियो । बाहिरबाट हेर्दा विवाह मण्डप जस्तो (देखिने) सु-सज्जीत सिसमको रुख सम्म पुग्न सक्ने आँट कसैमा थिएन । उक्त सिसमको रुख भन्दा १ कि. मी. दक्षिण पश्चिममा जीतु मडर को छोरा मिठ्ठू मडर, कुला मडर मात्र उक्त घरमा बसी समय समयमा गाई वस्तु ल्याई खर्क राख्ने गर्दथे । खर्कको रुपमा यदाकदा औरसे भन्ने ठाउँमा पनि राखीन्थ्यो ।

एक दिनको कुरा हो मिठ्ठू मडर आफ्नो छोरालाई साथ लिई बस्तु चराउन निस्कनु भयो । साँझ पख घर फर्कने बेलामा वस्तुभाउ हर्केकाले वस्तुको जेर घर तर्फ नलागि जंगलै तिर कुदाकुद गरे । वस्तुभाउ ल्याउन नसके पछि राती भएको र जंगलमा बाँघ, भालु आदिको डरले गर्दा रित्तै हात उक्त झोपडीमा फर्किनु भयो । रातीको समयमा सबै बस्तुभाउ आफै आए । रात भरी वस्तुभाउ हर्केको कारण के हो भनि सोच्दा सोच्दै रात बित्यो । बिहान भएकाले सदा झै वस्तुभाउ लिई पुनः जंगल तर्फ लाग्नु भयो जंगलमा कुला मडरले अचम्म किसिमको प्रकाश उक्त सीसमको

रुखनिर देखे पछि दुवै पिता पुत्र वस्तु लिई घर फर्के । राती दुवै पिता पुत्रले रंगविरंगका सपना देख्न थाले उक्त सिसमको रुखमा अचम्मको प्रकाश बलिरेहको मिठू मडर ले देखे पछि बिहान छोरालाई थाह नदिई हिम्मतका साथ उक्त स्थान हेर्न भनि जानु भयो । राती सपनामा देखेको दृष्य बिहान उक्त स्थानमा देखेपछि अच्चम्भीत भै गोठ फर्कि सबै वृतान्त छोरा कुला मडर लाई सुनाउनु भयो । वेलुकी पितालाई थाहा नदिई कुला मडर उक्त स्थानमा हिम्मतका साथ जानु भयो । त्यहाँ सिसौको रुखनिर पुग्दा आँखाले हेर्नै नसक्ने किसिमको बती बलीरहेको देखेपछि आँखा चिम्लीए । आँखा चिमलीने बित्तिकै विभिन्न किसिमका बाजा बज्न थाल्यो । बाजा बजेको आवाजले मानिसहरु आएको रहेछन् भनी आँखा खोल्दा बाघ, भालु, सर्प, सिंह, मृग र हरिण आदि विभिन्न जंगली जनावर समेत नाची रहेका देखेपछि डरले गर्दा मुर्छित हुनु भयो । मुर्छितकै अवस्थामा ज्यान जोगाउन देवी देवताको स्मरण गर्न थाल्नु भयो । स्मरणकै क्रममा "एकान्त कुनाबाट तिमी नडराउ म आदीशक्ति हुँ तिम्रो रक्षा गर्दछु यी मेरा आसेपासे हुन मैले नभनिकन एक इञ्च अगाडी बढदैनन् । तिमीलाई सारै गाह्रो परेको भए यीनिहरुलाई म आफैमा विलिन बनाई दिन्छु आँखा खोलत" भन्ने आवाजले गर्दा डराई डराएरै आखा खोल्दा पहिले देखिएका बाघ, भालु, हात्ती, मृग, बनेल, चित्तल र घोरल आदी चुपचाप हलचल नगरी उभीरहेको सिसमको रुखको ओडारबाट सुनै सुनको ढपक्क ढाकीएको बाघमा चढेकी हातमा डमरु, त्रिशुल, खड्ग समेत लिएकी हेर्दैमा डर लाग्दो मातालाई देखे पछि छक्क परी हेरी रहनु भयो । त्यसै बेला माताले तिमी नडराउ म मानव मात्रको कल्याणको लागि रातदिन तल्लीन रहन्छु म कसैको कुभलो गर्दिन तिमी ढुक्क बस भने पछि डराई डराई तपाईको हो नाम के हो तपाईलाई विश्वास गर्ने आधारके भनी सोधेपछि उहाँले मेरो नाम "सोनासति" हो कसै कसैले सोना सति महरानी पनि भन्छन । तिमीलाई विश्वासको लागि तिमिले जतिबेला मलाई सम्झन्छौ म त्यति बेर तिम्रो सामु उपस्थित हुन्छु अब तिमी जाउ भनी भने पछि तुरुन्त गोठ फर्किनु भयो । त्यहाँबाट फर्किदा अन्य जंगली जीवतन्तु हलचल नगरी बसेका र बाटोमा उज्यालो प्रकाश भै रहेको

देखि अच्चम्भित भै म अब यीनै माताको पूजा आजा गर्दछु भनी मनमा गुन्दै गुन्दै घरमा आएर पितालाई यर्थाथ कुरा सुनाएपछि पिताले पनि पूजा गर्ने निधो गर्नु भयो । रात बिते पछि भोली पल्ट पितापुत्र दुवै जना पुजाको नैवेद लिई सिसमको रुख निर गएर सोनासतिको स्मरण गर्ने वितिकै राती देखिएको अवस्थामा माता प्रकट भईन । माताको रुप देख्ने वित्तिकै पिता डरले थरथर कामन थालेको देखे पछि माताले तिमी निकै डरायौ यसरी नगराउ भने पछि छोराले हे माता हाम्रो सदा पुजा गर्ने इच्छा छ । यसरी बाघमा सवारी हुनु भयो भने हामीलाई मुस्कील हुन्छ अन्य भक्तजन आए भने डरले मर्छित हुन्छन माता यसको निदान कसरी हुन्छ भन्नासाथ माताले तिमीहरुको चाहना त्यस्तो छ भने म मुर्तिको रुप दिन्छु आफ्नो स्वरुप मुर्तिमै छाडी दिन्छु तिमीहरुलाई आवश्यकता पर्‍यो भने म पुनः आउछु है त भनि विलिन भईन । एकै दिनमा सीममको रुख मुनी सुनौलो रङ्गको माटोको ढिस्को देखियो । उक्त माटोको ढिस्कोबाट तिमीहरु डराएको कारण म यो मुर्तिको रुपमा बसेको छु । अब तिमीहरु नडराउनु यहाँ तिमीहरुलाई बन्यजन्तुको भए पनि हुने छैन भनि आवाज बन्द भयो । त्यस पछि उक्त ढिस्को यति चम्कीलो भयो जसलाई नाङ्गो आँखाले हेर्न नसकेकोले पूजा गर्न लगेको रातो कपडाले ढाकी पूजा गरी फर्किए ।

यसै क्रममा १ घरबाट झमन राउतको घर थपियो (झपौलबाट) । त्यस पछि बसीर रायको पिताको घर थपियो अनी मौजे मण्डलको बाजे आउनु भयो । त्यस पछि मदन चमारको, भुट्टा मुहरको बाजे, फुलचन धामी मुसहर त्यस पछि हरीजन रायको पिता आएकाले एउटा टोलको रुपमा स्थापित भयो । ज्यादा मात्रामा पिपलको रुख भएकोले गाउँको नाम भोइल पिपरा नामाकरण रहन गयो । माताको पुजारीको रुपमा बुधा मडर ले गर्नु भयो उहाँको मृत्यु पछि उहाँको छोरा गिरजा मडर ले पुजापाठको जिम्मा पाउनु भयो । गीरजा मडर नभएको बेला झमन राउत, फुलचन धामी र टोलबासीहरुले पालो पालो गरी पुजा गर्थे ।

यसरी रहदा बस्दा जंगल मासीई दिनानदिन बस्ती बस्न थाले पछि मानिसहरु जम्मा भेला भै सत्य तथ्य पत्ता लगाउनको लागि माता कै समीपमा बसि छलफल

राखे पछि उक्त सिसमको रुखलाई कचहरी थानको नामले चिनिन थाल्यो । भनिन्छ माताको मुखार बिन्दुबाट निस्केका वाणी पूर्ण गर्न दिनभर मुर्तिको रुपमा रहने र राती भए पछि चारैतिरबाट देवी देवता भूतप्रेत पिसाच समेतको आगमन हुने र रातभर नाचगान छलफल बाजाघाजाका साथ धुमधाम हुने गरेको कारण कचहरीया गाछीले प्रख्यात हुन थाल्यो । जुन स्थान हालमा पनि सडकको छेउमा छदैंछ ।

यसरी कचहरीया स्थानमा जग्गाको अभावको कारण सिसमको रुख भन्दा २०० मिटर पश्चिम माईकै नाममा माईस्थान नाम राखी कुस फुसको छाप्रो निर्माण गरी टोलबासीहरुले विधिपूर्वक बाजागाजाको साथ माईको प्रतिमालाई त्यो सिसमको रुखबाट लिएर माईस्थानको छाप्रोमा स्थापित गर्‍यो । सोही छाप्रोमा माता सोनासतिको प्रतिमामा पुजा आजा हुन शुरु भयो । यसै क्रममा कुला मडर को देहान्त पछि छोरा गिरजा मडर ले माताको पुजारी भै कार्य गर्न थाले । हुँदा हुँदै मन्दिरको नजिकैमा पुजारीको बासस्थान भएको र उक्त स्थानमा सबैको भलो हुने भएकोले भलो भन्दा भन्दै पछि गएर भोईल भयो । जुन माताको मन्दिर नजिकैको टोलको नामले प्रख्यात छ । भक्तजनहरुको भलो हुने हुनाले गाउँबासीहरुले पहिला चैत्र महिनामा मेला आयोजना गर्थ्यो र पछि गएर आसिनमा दशैं मेलाको रुपमा प्रख्यात हुन गयो । जुन आसिनमा नै लाग्ने गरेको छ । गिरजाको मृत्यु पछि निजका छोराहरु माझी मंडल पुजारीको काम गर्न थाले । माझी मंडल पछि पुरै गाउलेहरु मिली जिल्ला महोत्तरी एकडारा भन्ने ठाउँबाट माझी झा भन्ने व्यक्तिलाई ल्याई यहाँको पुजारीको रुपमा राखियो र पुजाको विधिवत कुराहरु बताइयो । खलिहानीको रुपमा मंसिर महिनामा खलिहानबाटै सकेको रकम पुजा गरे वापत दिने निधो मुताविक हाल पनि प्रचलन हुँदैछ । माझी झाको मृत्यु पछि लक्ष्मी झा पुजारीको रुपमा पुजाआर्चा गर्न थालियो । त्यसपछि बन्ठू (राजेन्द्र झा) पुजारीको रुपमा पुजाआर्चा गर्न थाले । बन्ठू (राजेन्द्र झा) को मृत्यु पछि हाल उसैको सन्तान केदार झा लगायत अन्य सखासन्तान पुजारीहरु छन् ।

कालान्तरमा गाउलेहरुको छलफलबाट माताकै नाममा गाउको नाम

गर्ने निधो गरी सतीप्रथाको व्यापक विरोध भै रहेको अवस्थामा परेकोले सोनासतिको नाटो सोनामाई भनी राख्ने निधो भै त्यस बखतबाट सोनामाई गाउँको नामले पुकारीन थालियो । जो सोनामाई गा. वि. स. को नामले प्रख्यातै छ । हाल औरही न. पा. वडा नं. ७ मा पर्दछ ।

त्यस बखत मेघरौल भन्ने स्थानमा कालीका दत्त भन्ने जिम्दार थिए । मनराका घोघट चौधरीको मौजे टिमकियामा भएकोले निजका छोरा माझी चौधरी टिमकिया बस्ने भएकोले लेनदेनको विषयमा कालीका दत्त र माझी चौधरीका बिचमा विवाद भएकाले माझी चौधरीले जंगलबाट ल्याएको काठ पुलीसलाई देखाई समात्न लगाए पुलिसले माझीलाई राती आफ्नो कस्टडीमा राख्यो त्यसैबेला माझी चौधरीले माता सोनासतिको आराधना गरी रहे । पुलिसले माझीलाई काठमाण्डौ पुऱ्याए । काठमाण्डौमा जेल चलान गर्न ढिलो भएकोले राती कोठमा थुनी राखेको बखत माझीले हे माता म जेल परिन भने म माताको पक्की मन्दिर बनाई दिन्छु भन्नासाथ रातीको समयमा थुनी राखेको ढोका आफै खुल्यो पुलिसहरु निदाएका थिए । रात सुनसान भएकोले माताले तिमी जाउँ यो बागमति नदिको तिरैतिर निस्कीहाल भने आकाशवाणी भएकोले हिम्मत गरी बागमतीमा हमफाली भागी घर आई यथावत वृतान्त छोराहरुलाई भन्नु भयो । माझीको छोराहरु शिवनन्दन चौधरी, रघुनाथ चौधरी र प्रदिप चौधरी) ले टिमकिया भन्ने ठाउको आफ्नै खेतमा ईंटा भडठा चलाई पहिले माता सोनासतिको मन्दिर बनायो जुन अहिले कचहरिया स्थान भन्दा करीव २०० मिटर पश्चिममा छ ।

यसरी माता सोनासतीको मन्दिर स्थापना भै गाउँबासीहरुले हरेक बर्षको दशैंमा भव्य मेला लगाउने चलन मुताविक चलिरहेको यो प्रथाले हालमा व्यापक रुप लिई नेपाल भारत लगायतका भक्तालुजनहरुको घुईचो नवराती दशैंमा लाग्दछ । यहाँ पञ्चावाली चढाईन्छ जुन प्रथा हाल सम्म चलिरहेको छ । यहाँ अनौठो या आश्चर्य लाग्दो चलन के छ भने दशैं नौमीका दिन बली प्रदान गर्दा सर्वप्रथम मडर अर्थात जितु मडर हाल उहाँकै सन्तानको पहिलो बलि राँगा बलि प्रदान गरिन्छ । अनि मात्र अन्य व्यक्तिको बलि चढाईन्छ । जीतु मडर को सन्तानले बलि नदिईकन अरुको

बलि नचढने अनौठो चलन विध्यमान रहेको माताको महिमा गाउन कठिन रहेको छ । अतः मडर खानदानका व्यक्ति नै यहाँका पहिलो पुजारी हुन । हाल दशमीको दिन पुरै गाउबासीले माताको चरण स्पर्स गरी विभिन्न प्रकारका पकवान लड्डू, वतासा, नरिवल धुप नैवेद गरी चढाई हर्सपूर्वक घर फर्किन्छन ।

यसरी माता सोनासतीको मन्दिर स्थापना भै गाउँबासीहरुले हरेक वर्षको बडादशैमा भव्य मेला लगाउने चलन मुताविक चलिरहेको यो प्रथाले हालमा व्यापक स्वरुप लिई नेपाल भारत लगायतका भक्तालुजनहरुको घुइचो दशैमा लाग्दछ । दशै मेला लागदा घटस्थापनाको दिन बिहान सवेरै पुजारीको घरबाट शास्त्रीय बाजागाजाको साथ रातो कपडा, तलबार, आदी पुजाका सामग्रीहरु मन्दिरमा भित्र्याई घटस्थापना गरी जमरा राखीन्छ । त्यसपछि तिथिमा विधिवत पुजा हुने गर्दछ । भक्तजनहरुले आफ्नो मनोकामना पुरा हुने विश्वासमा पञ्चावली पनि चढाउदछन् । घटनास्थापनामा भित्र्याएको डाला दशमीका दिन शास्त्रीय बाजा सहित पुजारीको घरमा लगेपछि मेलाको विधिवत समाप्ती हुन्छ ।

भक्तजनहरुको आस्था बढ्दै जादा उनीहरुकै सक्रियतामा यस मन्दिर परिसरमा गणेश राजदेवी सरस्वती लगायतका अन्य देवी देवताहरुको मूर्तिहरु पनि स्थापित भएका छन् भने मन्दिरले पनि हाल सालै नयाँ संरचना पाएको छ । मन्दिर रहेको स्थानमा मान बहादुरको आफ्नो मनोकामना पुरा भएकोले एक पोखरी बनाएका छन् र धर्मशाला पनि रहेका छन । साथै नपसी बाबाको धुनी पनि छ जहाँ अहोरात्र आगो बलिरहन्छ ।

यसरी शक्ति पिठको रुपमा रहेको मन्दिरको संरक्षणका लागि विधिवत विधान लगाई सुव्यवस्थित गर्न वान्छनिय भएकाले तमाम ग्रामवासीको अथक प्रयासबाट यो विधान निर्माण गरीएको छ ।

## परिच्छेद:- १ (एक)

१:- संक्षिप्त नाम र प्रारम्भः-

(क) यस संस्थाको नाम "श्री सोनामाई मन्दीर संरक्षण सम्बर्धन समिति" रहनेछ ।

(ख) यो विधानको नाम श्री सोनामाई मन्दीर संरक्षण सम्बर्धन समिति विधान २०८० रहेको छ ।

(ग) यो विधान नेपाल सरकार द्वारा मान्यता प्रदान गरेको मिति देखि लागु हुनेछ ।

(घ) यो समिति राजनैतिक क्रियाकलापबाट अलग रहने छ ।

(ङ) यो समिति अविछीन्न उतराधिकारवाला स्वसासित र संगठित संस्था हुने छ ।

(च) यस समितिले व्यक्ति सरह चल अचल सम्पति प्राप्ति गर्न उपभोग गर्न र बेच विखन गर्न सक्ने छ । बेच विखनको लागि औरही न. पा. को कार्य समितिबाट सहमति लिई साधारण सभाको २ तिहाई बहुमतको निर्णयले गर्ने छ ।

(छ) यस समितिले व्यक्ति सरह आफ्नो नामबाट नालेस उजुर गर्न सो उपर सोही नामबाट नालेश उजुर लाग्ने छ ।

२:- परिभाषा:- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो विधानमा

(क) संस्था भन्नाले श्री सोनामाई संरक्षण सम्बर्धन समितीलाई जनाउने छ ।

(ख) "विधान" भन्नाले श्री सोनामाई संरक्षण सम्बर्धन समिति विधान २०८० सम्झनु पर्नेछ ।

(ग) "अध्यक्ष" भन्नाले श्री सोनामाई मन्दीर संरक्षण समबर्धन समितिको अध्यक्षलाई सम्झनु पर्नेछ ।

(घ) साधारण सभा भन्नाले दफा १० बमोजिम गठीत साधारण सभालाई जनाउने छ ।

(ङ) "कार्य समिति" भन्नाले यस विधानको दफा १३ बमोजिम गठीत कार्य समिति सम्झनु पर्नेछ ।

३:- संस्थाको चिन्ह र छाप:- अनुसुचीमा लेखिए बमोजिम छुटै छाप रहने छ । जुन वृत्ताकार घेराको किनारा उठेको त्यस मुनि बृत्ताकार कै रुपमा श्री सोनामाई मन्दिर संरक्षण सम्बर्धन समिति (देवनागरीक लिपिमा) रहनेछ । बिचमा माइको प्रतिमाको चित्र रहनेछ । जुन अनुसूची १ मा उल्लेख छ ।

[illegible]- संस्थाको कार्यालयः- महोत्तरी जिल्ला गा. वि. स. सोनामाई वडा नं. २ हाल औरही न. पा. वडा नं. ७ को श्री सोनामाई मन्दिर नजिक रहने छ ।

## परिच्छेदः- २ (दुई)

## उद्देश्य

[illegible]- संस्थाको उद्देश्यः- देहाय बमोजिम उद्देश्य पुरा गर्न सम्बन्धित निकाय संघ संस्था कार्यालयको स्वीकृत लिनु पर्ने भएमा लिई देहाय बमोजिम यस संस्थाको उद्देश्य रहने छ ।

(क) अव्यवस्थित रहेको मन्दिरलाई व्यवस्थित गर्ने ।

(ख) मन्दिरले अर्जेको जग्गा जमिन, रुख बिरुवा, पोखरी, धर्मशाला र बधशाला समेतको संरक्षण एवं सम्बर्धन गर्ने ।

(ग) नियमित रुपमा पुजाआजा गर्ने पुजारीको जीविकोपार्जनको लागि समूचित व्यवस्था गर्ने ।

(घ) विभिन्न सामाजिक सांस्कृतिक र धार्मिक कार्यक्रमहरु संचालन गर्ने ।

(ङ) मन्दिरमा आउने साधु सन्त पाहुनाको समूचित व्यवस्था गर्न ।

(च) भैरहेको धर्मशालाको संरक्षण गरी अन्य धर्मशाला निर्माण गरी विवाह, वनभोजमा आउने श्रद्धालुहरुको सुरक्षा एवं सुविधा दिने ।

(छ) मन्दिर परिसरलाई पर्यटन स्थलको रुपमा विकास गर्न आधुनिकता प्रदान गर्न ।

(ज) विश्व सम्पदा सूचिमा सू-सूचित गर्नका लागि आवश्यक पहल गर्ने ।

(झ) मन्दिरको चल अचल सम्पतिको संरक्षण गर्ने र सो बाट प्राप्त आम्दानीबाट मन्दिरको विकाश निर्माण कार्य गर्ने ।

(ज) स्थानमा आउने साधु सन्त, अभ्यागतको खानपिन तथा बाँसको समुचीत व्यवस्था गर्ने ।

(झ) दैनिक पुजा पाठ तथा मेला जात्रामा सहयोग पुऱ्याउने ।

(ञ) मन्दिर अगाडी दाहिना तर्फ रहेको पोखरी तथा डीललाई संरक्षण गरी डिलमा समय समयमा फुल्ने फूल लगाई मनमोहक बनाउने ।

(ट) प्रस्तावनामा उल्लेखित तथ्यहरु तथा अन्य तथ्य खोजविन गरी लिपीबद्ध गराउने ।

(ठ) मन्दिरको आम्दानी बढाउन पहल गर्ने बलि प्रदानमा व्यवस्थित गर्ने ।

(ण) मन्दीर व्यवस्थापन सम्बन्धी कार्य निर्देशिका कार्यविधि पछि बन्ने छ । कार्यविधि सम्बन्धी निर्देशिका दुई तिहाईको बहुमतले पारीत हुने छ ।

## परिच्छेदः- ३ (तिन)

[illegible]:- सदस्यताको योग्यताः-

(क) नैतिक पतन देखिने फौज्दारी अपराधमा दोषी नठहरीएको ।

(ख) २१ वर्ष पुरा भएको नेपाली नागरिक ।

(ग) कुनै सरकारी, संघ, संगठन, धार्मिक मठ, मन्दिर, मस्जीद, गुम्बा आदिको रकम हिनामिना नगरेको पेश्की रकम बाँकी नरहेको व्यक्ति ।

(घ) मगज नबिग्रीएको ।

(ङ) टाट नपल्टेको व्यक्ति ।

(च) प्रचलित कानूनले अयोग्य नठहरिएको ।

[illegible]:- सदस्यको प्रकारः- सदस्य ४ प्रकारका रहने छन ।

(क) आजिवन सदस्य

(ख) साधारण सदस्य

(ग) मानार्थ सदस्य

(घ) पदेन सदस्य

[illegible]:- सदस्यता प्रदान गर्ने विधी र शुल्कः-

(क) आजीवन सदस्यको लागि मन्दिरको संरक्षण सम्बन्धनको लागि रु.५००१/- को नगद वा जिन्सी दिने व्यक्ति आजिवन सदस्य रहनेछ ।

(ख) प्रत्येक तिन वर्ष ५०१/- नगद दिने व्यक्ति साधारण सदस्य हुनेछ ।

(ग) मन्दिरको संरक्षण, सम्बर्धन, रेखदेख लगायत मन्दिरमा सौन्दर्यता बढाउन प्रत्यक्ष वा परोक्षरुपमा सहयोग गर्ने व्यक्ति मानार्थ सदस्य हुनेछ ।

(घ) मन्दिर रहेको वडाको वडा अध्यक्ष, मन्दिर रहेको न. पा. को मेयर पदेन सदस्य रहने छन् ।

(ङ) कुनै पनि सदस्यता प्राप्त गर्न कार्य समितिको निर्णय अनिवार्य हुने ।

(च) साधारण सदस्यता आर्थिक वर्ष समाप्त भएको मितिले १ महिना भित्र सदस्यताको लागि निवेदन दिई सक्नु पर्नेछ ।

९. सदस्यको अयोग्यता:-

दफा ६ मा उल्लेखित शर्तको विपरितका व्यक्तिहरु । धर्म, संस्कृति, विपरित आचरण भएका व्यक्ति । अध्यक्षका लागि हिन्दु धर्मावलि नै हुनु पर्ने ।

## परिच्छेदः- ४ (चार)

### साधारण सभा, मानार्थ, अध्यक्ष र कार्य समितिः-

१०:- साधारण सभाः-

यस समितिका मानार्थ सदस्य वाहेकका सदस्यहरुको भेलालाई साधारण सभा भनिने छ । यो समितिको सर्वोच्च अंग हुने छ ।

११:- साधारण सभाको:-

(क) प्रत्येक वर्षमा कम्तीमा १ पटक साधारण सभा बस्ने छ । साधारण सभा हरेक १ वर्षको भाद्र मसान्त भित्रमा बस्नु पर्नेछ । तर साधारण सभा बस्नु पर्ने आवश्यकता छ भनी सम्पूर्ण सदस्य संख्याको एक तिहाई सदस्यहरुले लिखीत रुपमा माँग गरेमा अध्यक्षले उक्त निवेदन आएको १५ दिन भित्र विशेष साधारण सभा बोलाउनु पर्ने छ तर विषेश साधारण

सभा बस्नु पर्ने आवश्यकता छ भनी सम्पूर्ण सदस्य संख्याको एक तिहाई सदस्यहरुले लिखित रुपमा माँग गरेमा अध्यक्षले उक्त निवेदन आएको १५ दिन भित्र विशेष साधारण सभा बोलाउनु पर्ने छ तर विशेष साधारण सभा वर्षमा २ पटक भन्दा बढी गर्न पाईने छैन ।

(ख) वैठकको अध्यक्षता अध्यक्ष नभए उपाध्यक्ष सो पनि नभए उपस्थित वृद्ध सदस्यले अध्यक्षता गर्ने छन ।

(ग) अधिवेशनको मिति, समय, स्थानको सूचना कार्य समितिको निर्णयले बैठक बस्ने १५ दिन अगावै सचिवले सबै सदस्यहरुलाई दिनु पर्ने छ ।

(घ) साधारण सभाको वैठकमा कुल सदस्य संख्याको ५१% प्रतिशतको उपस्थितिलाई वैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ ।

(ङ) गणपुरक संख्याको अभावले साधारण सभाको वैठक बस्न नसकेमा ७ दिनको सूचना दिई अर्को वैठक बोलाउनु पर्ने छ सो वैठकको गणपुरक संख्या ४५% प्रतिशत हुने छ । सो गणपुरक संख्या पुरा हुन नसकि वैठक बस्न नसकेमा भोली पल्ट पुनः अर्को वैठक बोलाउनु पर्ने छ । सो वैठकमा उपस्थित सदस्य संख्यालाई गणपुरक संख्या मानी विधानको उद्देश्य विपरित नहुने गरी निर्णय गर्न सकिने छ ।

(च) विशेष कारण परी वा कुनै खास विषयमा छलफल गर्न कुल सदस्य संख्याको ३३% प्रतिशत सदस्यले कारण खोली अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा १५ दिन भित्र अनिवार्य रुपमा साधारण सभा बोलाउनु पर्ने छ । यसलाई विशेष साधारण सभा भनिने छ । यसरी बोलाएका वैठकमा सम्बन्धित विषयमा मात्र छलफल गरिने छ । १५ दिन सम्म अध्यक्षले अटेर गरी वैठक नबोलाएमा उपाध्यक्षको सामान्य निर्देशनमा सचिवले अनिवार्य रुपमा वैठक बोलाउनु पर्ने छ । कार्य समितिले निर्णय गरी साधारण सभा बोलाउनु पर्ने कारण बोली सम्पूर्ण सदस्यहरुलाई जानकारी गराई जहिले सुकै पनि साधारण सभा बोलाउनु सकिने छ । सो

को सूचना कम्तीमा १५ दिन अगाडी सबै सदस्यहरुलाई दिनु पर्ने छ ।

१२:- साधारण सभाको काम, कर्तव्य र अधिकारः-

(क) कार्य समितिले पेश गरेको वार्षिक बजेट, योजना तथा कार्यक्रम माथि छलफल गरी स्वीकृत गर्ने ।

(ख) कार्य समिति एवं सदस्यहरुलाई आवश्यक निर्देशन दिने ।

(ग) कार्य समितिकव पदाधिकारीको निर्वाचन गराउने ।

(घ) लेखा परिक्षकको नियुक्ति गर्ने, पारिश्रमिक तोक्ने एवं लेखापरिक्षणको प्रतिवेदनलाई अनुमोदन गर्ने ।

(ङ) कुनै सदस्य माथीको निलम्बन तथा निष्काशनको अन्तिम निर्णय दिने ।

(च) नियम विनियम स्वीकृत गर्ने ।

(छ) विधानको उद्देश्य प्राप्तीको लागी अन्य आवश्यक निर्णय गरी कार्य समितिबाट गर्न लगाउने ।

(ज) विधानमा तोकिएको अन्य कार्य गर्ने ।

(झ) आवश्यक भएमा कर्मचारीको व्यवस्था गर्ने ।

(ञ) पुजारी नियुक्ती गर्ने । पुजारी नियूक्त गर्दा औरही न. पा. को कार्य समिति पूर्व स्वकृती लिई क्रियासील सदस्यको २ तिहाई बहुमतले नियूक्ती हुने छ ।

१३:- कार्य समितिको गठन र विधिः-

अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तथा १० जना सदस्य रहने छन् । कार्य समितिको गठन सर्वसहमति निर्वाचन द्वारा हुनेछ । कार्य समितिको पदावधि ३ वर्षको रहने छ ।

१) साधारण सभाका सदस्यहरु मध्येबाट कार्यकारिणीका रुपमा गोप्य मतदान द्वारा देहायका पदाधिकारीको निर्वाचन हुने छ । निर्वाचित पदाधिकारी वाहेक निम्न सदस्यहरु कार्यकारी सदस्य रहने छ । अध्यक्ष सहित ९ जना सदस्यको निर्वाचन हुने छ । सम्बन्धित न. पा. को मेयर जिल्ला समन्वय समितिको सभापति दुई जना पदेन कार्य समितिका सदस्य समेत

जम्मा ११ जना सदस्य भएको एक कार्य समितिको गठन गरिने छ । जो निम्न बमोजिम हुने छ ।

(क) अध्यक्षः- १ निर्वाचन हुने

(ख) उपाध्यक्षः- १ निर्वाचित हुने

(ग) सचिवः- १ निर्वाचित हुने

(घ) कोषाध्यक्षः- १ निर्वाचित हुने

(ङ) सदस्यः- ५ निर्वाचित हुने

(च) पदेन सदस्य २ निर्वाचन नहुने ।

जम्मा ११ जनाको कार्य समिति रहने छ ।

२) विधान स्वीकृत भएको मितिले ३ महिना भित्र निर्वाचन प्रकृयाबाट कार्य समितिको गठन गरिने छ । जसको कार्यकाल ३ वर्षको हुने छ ।

३) निर्वाचन प्रकृया द्वारा कार्य समितिको गठन नभए सम्म तदर्थ समितिले गरेको कार्य निर्वाचित कार्य समितिले गरे सरह मान्य हुने छ ।

१४:- कार्य समितिको वैठकः-

कार्य समितिको बैठक हरेक महिनामा बस्नु पर्नेछ । कार्य समितिको गणपुरक संख्या ५१ प्रतिशत हुने छ । कार्य समितिको वैठक अध्यक्षको आदेशले सचिवले बोलाउने छ । विषेश परिस्थितिमा कार्य समितिको वहुमतले वैठक आवश्यक छ भनि लिखित निवेदन दिए ७ दिन भित्र वैठक बोलाउनु पर्ने छ ।

## परिच्छेदः- ५ (पाँच)

१५:- कार्य समितिको काम, कर्तव्य र अधिकारः-

साधारण सभाले पास गरेको सम्पूर्ण काम कार्य समितिले गर्नेछ ।

१. अध्यक्षः-

(क) कार्य समितिको बैठकको अध्यक्षता गर्ने ।

(ख) साधारण सभाले सुम्पेको काम गर्न लगाउने ।

(ग) साधारण सभा तथा कार्य समितिको बैठक बोलाउने ।

(घ) कार्य समितिको बैठक नबसेको अवस्थामा १ महिनामा अत्यावश्यक अवस्थामा बढीमा रु.१०००/- खर्च गर्न सक्ने ।

(ङ) साधारण सभाले तोके अराएको कार्य गर्ने ।

२. उपाध्यक्षः-

(क) अध्यक्ष नभएको खण्डमा उपाध्यक्षले गर्ने सम्पूर्ण काम गर्ने ।

(ख) अध्यक्षले अराहेको काम गर्ने ।

(ग) साधारण सभाले तोकेको काम गर्ने ।

३. सचिवः-

(क) कार्यालय संचालन गर्ने ।

(ख) पत्राचार, फाइल, चिठ्ठी पत्र सबै सुरक्षित साथ राख्ने ।

(ग) निवेदन दर्ता गर्ने, दर्ता भएको निवेदन अध्यक्ष छेउ पुऱ्याउने ।

(घ) कार्यालय संचालनको लागि १ वर्षमा तिन पटकमा नबढाई १ पटकमा १००/- का दरले बढीमा ५००/- सम्म मात्र खर्च गर्ने ।

(ङ) अध्यक्षले अराहेको काम गर्ने ।

(च) साधारण सभाले तोकेको काम गर्ने ।

४. सहसचिवः-

(क) सचिव अनुपस्थित रहेको अवस्थामा सचिवले गर्नु पर्ने सम्पूर्ण काम गर्ने ।

(ख) साधारण सभाले तोकिएको काम गर्ने ।

५. कोषाध्यक्षः-

(क) सम्पूर्ण कोषको हिसाव किताव दुरुस्त राख्ने ।

(ख) नगदी जिन्सी सामानको रेखदेख गर्ने ।

(ग) वार्षिक आय व्ययको विवरण साधारण सभामा कार्य समिति मार्फत पेश गर्ने ।

(घ) साधारण सभाले तोकेको कार्य गर्ने ।

(ङ) अध्यक्षले तोकेको कार्य गर्ने ।

६. सदस्यः- संस्थाको उद्देश्य पूर्तिका लागि सुझाव दिने, कार्यक्रम निती बनाउन सहयोग गर्ने, अध्यक्षले दिएको जिम्मेवारी वहन गर्ने ।

## परिच्छेदः- ६ (छौ )

### आर्थिक व्यवस्था

१६:- आर्थिक श्रोतः-

आर्थिक श्रोत निम्नानुसार रहने छः

(क) सदस्यहरुबाट आएको सदस्यता शुल्क ।

(ख) भक्तजनले प्रदान गरेको दान ।

(ग) विभिन्न महानुभावबाट प्राप्त विशेष रकम ।

(घ) विभिन्न सरकारी तथा गैर सरकारी अनुदान ।

(ङ) नेपाल सरकार (संघीय तथा प्रदेश) बाट प्राप्त अनुदान ।

(च) स्थानिय निकायबाट प्राप्त रकम ।

(छ) राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ, संस्था वा निकाय व्यक्तिबाट प्राप्त सहयोग रकम ।

१७:- चल, अचल सम्पतिको विवरणः-

संस्थाले आफ्नो कोषबाट खरिद गरेको, नेपाल सरकार, व्यक्ति, निकाय, भक्तजन, संघ संस्थाले दिएका यस संस्थाको सम्पति हुने छ । अनुसुचि २ मा उल्लेखित सम्पति यस संस्थाको सम्पति हुने छ ।

१८:- कोषः-

(क) संस्थाको एउटा कोष रहने छ जसमा दफा १६ बमोजिम प्राप्त रकम रहने छ । सो कोषबाट कार्य समितिको निर्णयले आवश्यकता बमोजिम खर्च गर्न सकिने छ ।

(ख) कोषको रकम सिटिजन बैंक औरहीमा खाता खोलिने छ । उक्त खाता कार्य समितिको अध्यक्ष र कोषाध्यक्षको संयूक्त दस्तखतबाट संचालन गरिने छ ।

१९:- लेखा परिक्षण:-

(क) संस्थाको नगदी जिन्सी सरसमान लगायत वार्षिक आय व्ययको लेखा परिक्षण आर्थिक वर्ष समाप्त भएको मितिले एक महिना भित्र नेपाल सरकारंबाट मान्यता प्राप्त लेखा परिक्षकबाट गराउनु पर्ने छ । उक्त लेखा परिक्षणको वार्षिक प्रतिवेदन साधारण सभाबाट अनुमोदन गराउनु पर्ने छ ।

(ख) संस्थाको हिसाव विवरण लेखा परिक्षण प्रतिवेदन, वार्षिक कार्यक्रम प्रत्येक वर्ष स्थानिय अधिकारी एवं समाज कल्याण परिषदमा पेश गरिने छ ।

२०:- निर्वाचन सम्बन्धि व्यवस्था:-

(क) कार्य समितिको निर्वाचनका लागी बढीमा ३ जना सदस्य भएको एक निर्वाचन मण्डल साधारण सभाबाट चयन हुने छ । जसले बालीक मताधीकारको आधारमा सदस्यहरु मध्येबाट गोप्य मतदान द्वारा बढीमा ३ वर्षका लागि कार्य समितिको निर्वाचन हुने गर्ने छ ।

(ख) साधारण सदस्य, आजिवन सदस्य तथा पदेन सदस्यले मत दिने अधिकार हुने छ । तर पदेन तथा मानार्थ सदस्यले अन्य पदमा उम्मेदवार हुन पाउने छैन । निर्वाचन हुनु भन्दा १ वर्ष पहिले सदस्यता प्राप्त व्यक्ति मात्र उम्मेदवार तथा मतदाता हुन पाउने छ । उपाध्यक्ष, सचिव, कोषाध्यक्षको उम्मेदवार हुनको लागि कम्तीमा २ वर्ष पहिले सदस्यता प्राप्त भै सकेको हुनु पर्ने छ ।

(ग) निर्वाचन मण्डल समक्ष मनोनयन पत्र दाखेला गर्दा १ जना प्रस्तावक १ जना समर्थक हनु पर्ने छ । एक जना समर्थक या प्रस्तावक भै

सके पछि अर्को उम्मेदवारको हकमा प्रस्तावक या समर्थक बन्न पाउने छैन, तर मतदान भने ८ जनालाई नै गर्न पाइने छ । एक जना उम्मेदवारको हकमा समर्थक प्रस्तावक भै सकेको व्यक्तिले अर्को उम्मेदवारको हकमा पनि प्रस्तावक या समर्थक भएको खण्डमा उक्त उम्मेदवारको मनोनय पत्र रद्द भएको मानिने छ ।

(घ) कारणवश कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधीका लागिं मात्र निर्वाचन द्वारा पद पूर्ति गर्नु पर्ने छ । तर १ वर्ष भन्दा कम्तीको लागी मात्र पद रिक्त भएको खण्डमा कार्य समितिले तोकेको व्यक्तिलाई निर्वाचित भएको मानिने छ ।

२१ः- उम्मेदवार हुने योग्यताः-

(क) २५ वर्ष उमेर पुगेको

(ख) नेपाली नागरिक भएको

(ग) मानसिक स्थिति (मगज) नविग्रिएको

(घ) कुनै पनि राजनैतिक दलको तर्फबाट उम्मेदवार बनेर नभएको

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको

(च) सामाजिक, धार्मिक, सांस्कृतिक कार्यमा अभिरुची रहेको

(छ) यस संस्थाको सदस्य रहेको

(ज) प्रचलित कानूनले अयोग्य नभएको

(झ) नैतिक, पतन नभएको

(ञ) कुनै पनि निकायले अयोग्य भनि ननिकालेको

(ट) कुनै पनि निकायमा आर्थिक मामलामा नअल्झिएको

२२ः- पद त्याग गर्न सक्नेः-

अध्यक्षले कार्य समिति समक्ष र अन्यले अध्यक्ष समक्ष [illegible] दिई आफ्नो पद त्याग्न सक्ने छ ।

२३:- अविश्वासको प्रस्तावः-

(क) कुनै पदाधिकारी वा सम्पूर्ण कार्य समितिको विरुद्धमा अविश्वास छ भनि साधारण सदस्यहरुको ५१ प्रतिशतले लिखित अनुरोध गरेमा अविश्वासको प्रस्ताव लगाउन सकिने छ । तर त्यसरी अविश्वासको प्रस्ताव लागेका व्यक्ति, कार्य समितिलाई लागेको अभियोगबाट सफाईको मौका प्रदान गरीने छ । सफाईको मौका ३ दिन भन्दा बढी दिईने छैन । अविश्वासको प्रस्ताव साधारण सभाको ६१% प्रतिशतको निर्णयले मात्र पारित भएको मानिने छ ।

(ख) कार्य समितिको अध्यक्षको विरुद्धमा अविश्वासको प्रस्ताव आएमा उपाध्यक्षले र अन्य कार्य समितिको पदाधिकारी सदस्यको उपर अविश्वासको प्रस्ताव आएमा अध्यक्षले आरोपको सफाईको लागि अवसर प्रदान गर्नु पर्ने छ सो सफाईको मौका ३ दिन भन्दा बढिको दिईने छैन ।

२४:- विधान सन्सोधनः-

यस विधानमा लेखिएका कुनै दफा, उपदफा, पुरै वा आंशिक रुपमा थपघट तथा सन्सोधन गर्नु पर्ने भएमा औरही न. पा. को पूर्व स्वीकृति लिई कार्य समितिको निर्णयले विधानको मर्म र मूल उद्देश्यमा प्रतिकुल प्रभाव नपर्ने गरी सन्सोधन प्रस्ताव साधारण सभामा पेश गर्नु पर्ने छ । उक्त प्रस्ताव साधारण सभाको सम्पूर्ण सदस्य संस्थाको दुई तिहाई वहुमतबाट पारित भएमा विधान सन्सोधन भएको मानिने छ । उक्त सन्सोधित विधान स्थानिय अधिकारीको स्वीकृत प्राप्त भए पछि मात्र लागु हुने छ ।

२५:- नियम बनाउने अधिकारः-

संस्थाको उद्देश्य प्राप्तीका लागी कार्य समितिले यो विधानको अधिनमा रही

नियम बनाउन सक्ने छ र उक्त नियम साधारण सभाबाट अनुमोदन गराउनु पर्ने छ । साधारण सभाबाट अनुमोदन नभएमा स्वतः निष्कृय भएको मानिने छ ।

२६:- कर्मचारीको व्यवस्थाः-

संस्थाको दैनिक प्रशासन सम्बन्धी कार्य सन्चालन गर्न कार्य समितिको निर्णयले साधारण सभाले दरवन्दी श्रृजना गरे अनुसार आवश्यक कर्मचारीको व्यवस्था गर्न सक्ने छ । कार्य समितिले निर्णय गरे अनुसार पारिश्रमिक दिइने छ ।

२७:- संस्थाको सम्बन्धः-

(क) सदस्य सदस्य बिचको सम्बन्धः-

यस संस्थामा रहेका सम्पूर्ण सदस्यहरु बिचको सम्बन्ध सौहाद्रता र भातृत्व एवं भातृत्वको आधारमा सहयोगात्मक भावना राख्ने खालको हुने छ ।

(ख) मठ, मन्दिर, धार्मिक संघ संस्था संगको सम्बन्धः-

स्थानको गरिमालाई सदा सर्वदा बचाई राख्न सदैब प्रयत्नशिल रहने खालको हुने छ ।

(ग) साधु सन्त, भक्तजनहरु संगको सम्बन्धः-

साधु सन्त भक्तजनहरुलाई संरक्षण र सहयोग गर्ने किसिमको हुने छ ।

२८:- संस्थाको विघटनः-

यो विधान अनुरुप संस्थाले आफ्नो कार्य संचालन गर्न नसकेमा वा अन्य कुनै कारणले संस्था विघटन भएमा यस संस्थाको सम्पूर्ण श्रीसम्पति औरही न. पा. को हुनेछ ।

२९:- तदर्थ समितिः-

यो संस्था स्थापना गरी दर्ता गराउनका लागि गठीत तदर्थ समितिले ६ महिना भित्रमा विधान मूताविक निर्वाचन गराउनको लागि ३ सदस्य निर्वाचन

कमिटी गठन गर्नेछ । सो कमिटिले निर्वाचन गराउने छ । त्यसपछि निर्वाचन विधान बमोजिम प्रजातान्त्रीक पद्दतीबाट गोप्य मतदान द्वारा गराइने छ । निर्वाचन भै नयाँ समिति नआउन्जेलको लागि गठित तदर्थ समितिले गरेको कार्य यसै विधान मूताविक भएको मानीने छ ।

३०:- ऐन अनुसार हुने:-

यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित नेपाल कानून बमोजिम हुनेछ । संस्था दर्ता ऐन नियम र प्रचलित कानून संग बाँझिन गएमा बाँझिएको हद सम्म कुराहरु स्वतः निस्कृय हुनेछ ।


३१:- विविध कार्यक्रम:-

यस संस्थाले जनचेतना मूलक कार्यक्रम साथै धार्मिक सभा, गोष्ठी र सेमिनार गर्न सक्ने छ ।

३२:- आवश्यक कुराहरु:-

यस विधानमा कुनै कुरा अस्पष्ट, दोधारे, भएमा त्यसको व्याख्या कार्य समितिले गर्नेछ र सो व्याख्या साधारण सभाले अनुमोदन नगरेमा त्यस बखतबाट अमान्य हुनेछ ।

३३:- हामी श्री सोनामाई मन्दीर संरक्षक सम्बर्धन समिति निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भै निम्न साक्षीहरुको रोहवरमा विधानमा सही छाप गर्छौं ।

| क. सं. | संस्थापकको नाम, थर र ठेगाना | फोटो | साक्षीको नाम, थर वतन र सहि छाप |
|---|---|---|---|
| १. | नामः- प्रभेश राय<br>नागरिकता नं.:- १४२६२७५६<br>पदः- अध्यक्ष<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- |  | नामः- विकाउ राय<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- |

| | | | |
|---|---|---|---|
| २. | नामः- अमृका कुमारी मंडल<br>नागरिकता नं.:- १८-०६-७९-००६१५<br>पदः- कोषाध्यक्ष<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- अमृका |  | नामः- चन्द्र मण्डल<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- |
| ३. | नामः- सूर्य नारायण मंडल<br>नागरिकता नं.:-१४२६३०३३<br>पदः- सचिव<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- |  | नामः- राज किशोर यादव<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- राज किशोर यादव |
| ४. | नामः- विरेन्द्र यादव<br>नागरिकता नं.:- ०३३५२२८७७<br>पदः- सदस्य<br>ठेगानाः- औरही न. पा.-२<br>दस्तखतः- |  | नामः- देवशरण मोची<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- |
| ५. | नामः- पुनिता कुमारी ठाकुर<br>नागरिकता नं.:- १७३१०१/३२८<br>पदः- सदस्य<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- |  | नामः- नारायण राय<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- |
| ६. | नामः- केदार झा<br>नागरिकता नं.:-१४२४११४६<br>पदः- सदस्य<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- |  | नामः- रतन मण्डल<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- रतन मंडल |

| | | | |
|---|---|---|---|
| ७ | नामः- शिव शंकर यादव<br>नागरिकता नं.:-<br>१४२४२०८०/४०<br>पदः- सदस्य<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- |  | नामः- लक्ष्मण ठाकुर<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- |
| ८. | नामः- आशा कुमारी<br>नागरिकता नं.:-<br>१८०६७९००३९५<br>पदः- सदस्य<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- |  | नामः- राम नारायण साह<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- |
| ९. | नामः- रामविर मण्डल<br>नागरिकता नं.:-<br>१८३०५५/१११५<br>पदः- सदस्य<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- |  | नामः- संजय कुमार यादव<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- |
| १०. | नामः- नवल किशोर चौधरी<br>नागरिकता नं.:-१४२४२०२१<br>पदः- सदस्य<br>ठेगानाः- औरही न. पा.-८<br>दस्तखतः- |  | नामः- लालो दास<br>ठेगानाः- औरही न. पा.-८<br>दस्तखतः- |
| ११. | नामः- रविन्द्र कुमार चौधरी<br>नागरिकता नं.:-०३३५३५४२<br>पदः- सदस्य<br>ठेगानाः- औरही न. पा.-१<br>दस्तखतः- |  | नामः- मनोज चौधरी<br>ठेगानाः- औरही न. पा.-१<br>दस्तखतः- |

| | | | |
|---|---|---|---|
| १२. | नामः- इन्द्र कुमार अधिकारी<br>नागरिकता नं.:-१४२६२८७२<br>पदः- सदस्य<br>ठेगानाः- औरही न. पा.-८<br>दस्तखतः- |  | नामः- दिपेन्द्र साह<br>ठेगानाः- औरही न. पा.-८<br>दस्तखतः- |
| १३. | नामः- अम्बिका प्रसाद यादव<br>नागरिकता नं.:-०३३५३०२५<br>पदः- सदस्य<br>ठेगानाः- औरही न. पा.-१<br>दस्तखतः- |  | नामः- फेकन यादव<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- |
| १४. | नामः- दिपेन्द्र प्रसाद सिंह<br>नागरिकता नं.:-३३८१३५९३<br>पदः- सदस्य<br>ठेगानाः- भंगहा न. पा.-७<br>दस्तखतः- |  | नामः- नवल यादव<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- |
| १५. | नामः- अरुण कुमार झा<br>नागरिकता नं.:-१४२४२०६२<br>पदः- सदस्य<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- |  | नामः- तलेवर महतो<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- |
| १६. | नामः- राम नगिना कुमारी देवी<br>नागरिकता नं.:-१४२४३४२४<br>पदः- सदस्य<br>ठेगानाः- औरही न. पा.-९<br>दस्तखतः- |  | नामः- भूप नारायण मण्डल<br>ठेगानाः- औरही न. पा.-९<br>दस्तखतः- |
| १७. | नामः- निर्मला देवी मंडल<br>नागरिकता नं.:-<br>१८३०५५/१३०१<br>पदः- सदस्य<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- |  | नामः- शिव शरण यादव<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- |

| | | | |
|---|---|---|---|
| १८. | नामः- राजेन्द्र राय<br>नागरिकता नं.:-८६२६३४१६<br>पदः- सदस्य<br>ठेगानाः- औरही न. पा.-३<br>दस्तखतः- |  | नामः- शिव शंकर यादव<br>ठेगानाः- औरही न. पा.-३<br>दस्तखतः- |
| १९. | नामः- सुन्दर देवी<br>नागरिकता नं.:-<br>१८३०५५/१३२२<br>पदः- सदस्य<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- |  | नामः- राम नन्दन मण्डल<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- |
| २०. | नामः- विशेश्वर यादव<br>नागरिकता नं.:-१४२६३०६९<br>पदः- सदस्य<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- |  | नामः- बद्री साह<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- |
| २१. | नामः- उषा देवी यादव<br>नागरिकता नं.:-१८३०६४/४<br>पदः- सदस्य<br>ठेगानाः- औरही न. पा.-२<br>दस्तखतः- |  | नामः- शंकर सदा<br>ठेगानाः- औरही न. पा.-२<br>दस्तखतः- |
| २२. | नामः- उद्धव वहादुर क्षेत्री<br>(अधिवक्ता)<br>पदः- सल्लाहकार<br>ठेगानाः- वर्दिवास न. पा.-१<br>दस्तखतः- | | नामः- रामचन्द्र यादव<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- |
| २३. | नामः- जोगी चौधरी<br>पदः- सल्लाहकार<br>ठेगानाः- औरही न. पा.-१<br>दस्तखतः- | | नामः- गंगा कापर<br>ठेगानाः- औरही न. पा.-७<br>दस्तखतः- |

अनुसुची-१

(विनियमको दफा ३ संग सम्बन्धित)

संस्थाको लोगो

संस्थाको चिन्ह र छाप